## भिडियोको प्रयोग

- संवाद या अडियो समावेश भएको कुनै पनि भिडियोमा क्याप्सन तथा साङ्केतिक भाषा समेट्ने ।
- भिजुअल सामग्री मात्र समेटिएको भिडियोको लिखित या अडियो सामग्री उपलब्ध गराउने ।
- लाइभ भिडियो प्रशारण गर्दा क्यापसनिङ या साङ्केतिक भाषा सेवा उपलब्ध गराउने ।
- दृष्टिविहिन व्यक्तिहरूका लागि भिडियोलाई थप पहुँचयुक्त बनाउनका लागि भिडियोमा संवाद नभएको ठाउँहरूमा के कस्तो दृश्य आईरहेको छ भनेर अडियो विवरण प्रदान गर्ने ।



## ह्याशट्यागसम्बन्धी प्रयोग

- ह्याशट्यागहरू आवश्यकताअनुसार सन्तुलित ढङ्गले प्रयोग गर्ने, एउटै पोस्टमा धेरै यस्ता ट्यागहरू प्रयोग नगर्ने ।
- दुई वा सोभन्दा बढी अङ्ग्रेजी शब्दको ह्याशट्याग प्रयोग गर्दा प्रत्येक शब्दको अगाडिको अक्षर क्यापिटलमा लेख्ने। जस्तै: #Myvotecounts को सट्टा #MyVoteCounts
- सम्भव भएसम्म ह्याशट्यागहरू पोस्ट या ट्विटको अन्त्यमा लेख्ने,
- ईन्सटाग्राममा ह्यासट्यागहरू धेरै मात्रामा समावेश गर्नु परेमा, तिनीहरूलाई मुख्य पोस्टको सट्टा पहिलो कमेन्टमा राख्ने ।

## इमोजीहरूको प्रयोग

- इमोजिलाई बुलेटको रूपमा प्रयोग नगर्ने
- कन्टेन्टको बिचबिचमा इमोजीहरूको प्रयोग सकेसम्म नगर्ने
- प्रयोग गर्नु अघि उक्त इमोजीको अर्थ र विवरणबारे emojipedia.org मा जाँच गर्ने

## वेबसाइट

- वेबसाइटका सबै भागहरू जस्तै मेन्यू, सम्पर्क फाराम, अडियो, भिडियो सबै ठाउँमा किवोर्डको मात्रै प्रयोग गरेर पुग्न सकिने गरी तयार गर्ने ।
- वेबसाइटमा हेडिङ्हरू प्रयोग गर्दा त्यसको क्रम मिलाएर (H1 - H6) मात्र प्रयोग गर्ने ।
- वेबसाइटमा प्रयोग गरिएका सबै तस्बिरको वैकल्पिक लिखित विवरण प्रदान गर्ने ।
- वेबसाइटमा कलर कन्ट्रास्ट मिलाएर मात्र रङ्गहरूको प्रयोग गर्ने ।
- वेबसाइटमा आफैं चलिरहने स्लाईड, स्क्रोल आदिको प्रयोग नगर्ने । ती सामग्रीहरूको प्रयोग गर्दा प्रयोग-कर्तालाई रोक्ने वा फेरि चलाउने अप्सन प्रदान गर्ने ।
- वेबसाइटमा डकुमेन्ट हाल्दा सकेसम्म धेरै फर्म्याटमा राख्ने जस्तै: PDF, Scanned Image सँगै वर्ड फाइल पनि राख्ने ।
- वेबसाइटमा नेपाली लेख्न होस् वा वेबसाइटमा हालिएका नेपाली डकुमेन्ट बनाउने, सधैँ युनिकोडको मात्र प्रयोग गर्ने ।
- वेबसाइटमा प्रयोग गरिएका सबै अडियो र भिडियोको लिखित विवरण पनि उपलब्ध गराउने ।



# अपाङ्गता मैत्री सामाजिक सञ्जाल सामग्री तथा डिजिटल दस्तावेज

DIVERSE PATTERNS

UNDP

## वर्ड प्रोसिसिङ्ग सफ्टवेयर

हामीले तयार पार्ने धेरै कागजात तथा डकुमेन्टहरू वर्ड प्रोसेसरमा नै तयार पारिन्छन् (जस्तैः माईक्रोसफ्ट वर्ड) । ती डकुमेन्टलाई सबै प्रयोगकर्ताका लागि पहुँचयुक्त बनाउनको लागी माइक्रोसफ्ट वर्डले सबै विकल्प उपलब्ध गराएको हुन्छ जसको सहि तरिकाले प्रयोग गर्न सकेमा माइक्रोसफ्ट वर्डमा तयार पारिने डकुमेन्टहरू सबैका लागि पहुँचयुक्त बन्दछन्। मूलतः कुनै पनि वर्ड डकुमेन्ट तयार पार्दा देहायका कुराहरुमा विशेष ध्यान दिनु अपरिहार्य हुन्छ-

- डकुमेन्टमा उल्लेख हेडिङ तथा सबहेडिङहरूलाई उपयुक्त हेडिङ लेबल दिने। हेडिङ लेबल राख्दा माइक्रोसफ्ट वर्डले उपलब्ध गराएको विकल्प मात्र प्रयोग गर्ने।
- लामो डकुमेन्टमा विषय सूची समावेश गर्ने र विषय सूची राख्दा माइक्रोसफ्ट वर्डले उपलब्ध गराएका विकल्पहरूमध्येबाट नै राख्ने।
- टेबल या कोलमहरूको प्रयोग गर्नु पर्दा डिजाइनद्वारा नभई माइक्रोसफ्ट वर्डले उपलब्ध गराएका विकल्पहरूबाट प्रयोग गर्ने। टेबलको हकमा पहिलो रोलाई हेडर रोको रूपमा बयान गर्ने, टेबलको सुरुमा टेबलको सङ्क्षिप्त विवरण दिने तथा टेबलका कुनै पनि कोलमहरू खालि छाड्नु परेमा "NA" लेखिदिने। जटिल किसिमका टेबलहरूको प्रयोग नगर्ने।
- पेज नम्बरको अनिवार्य रूपमा प्रयोग गर्ने।
- कुनै URL राख्दा लामो URL को सट्टा अर्थपूर्ण नाम राखिदिने।



- सकेसम्म रङ्गहरूलाई कुनै अर्थ दिने किसिमले प्रयोग नगर्ने। यदि प्रयोग गर्नै परेमा टेक्स्टद्वारा पनि त्यसको जानकारी गराउने। डकुमेन्टको विषय वस्तुको कलर कन्ट्रास्ट सहि अनुपातमा राख्ने।
- फन्ट स्टाइलहरू जस्तै बोल्ड, इटालिक, अन्डरलाइन, स्ट्राइक थ्रूजस्ता विकल्पहरू कुनै अर्थ दिने किसिमले प्रयोग नगर्ने।
- वर्ड आर्ट, टेक्स्ट इफेक्टजस्ता विकल्पहरूको प्रयोग नगर्ने।
- डकुमेन्टमा प्रयुक्त ग्राफिकल सामग्रीहरू जस्तै इमेज, चार्ट आदिको वैकल्पिक लिखित विवरण (Alt text) उपलब्ध गराउने। अल्ट टेक्स्ट दिँदा छोटो, छरितो र अर्थपूर्ण हुने गरी प्रदान गर्ने। यदि कुनै इमेज साजसज्जाका लागि मात्र हो भने त्यसलाई "Mark as Decorative" गरिदिने।
- यदि जटिल खालका इमेज तथा अन्य चार्टहरू प्रस्तुत गरिएको छ भने अनुच्छेदमा नै त्यसको विवरण दिने।
- इमेजहरूलाई विषयसँग इन-लाइन हुने गरी राख्ने। प्याराग्राफ स्पेसिङ, लाइन स्पेसिङ आदिको सहि र माइक्रोसफ्ट वर्डले उपलब्ध गराएको सुविधा प्रयोग गरेर मात्र गर्ने।
- फ्लोटिङ अब्जेक्ट, टेक्स्ट बक्स आदिजस्ता विकल्पहरूको प्रयोग नगर्ने।
- वर्डबाट PDF मा Export गर्दा Options बाट "Structures Tags for Accessibility' लाई चिन्ह लगाउने ।

## सामाजिक सञ्जाल

सामाजिक सञ्जाल आजको समयमा सूचना तथा जानकारी साझा गर्ने सबैभन्दा सहज र प्रभावकारी माध्यम बनेको छ। फेसबुक, ट्विटर, इन्स्टाग्राम, युटुभ, टिकटक, लिङ्क्डईन जस्ता सामाजिक सञ्जाल सबैका सामु लोकप्रिय छन् । यी सामाजिक सञ्जालमा राखिने विवरणहरू सबै किसिमका प्रयोगकर्ताका लागि पहुँचयुक्त हुनु पर्दछ। सामाजिक सञ्जालको प्रकृति र तिनले उपलब्ध गराएका विकल्पअनुसार तल उल्लिखित कुराहरूलाई ध्यानमा राखी सामाजिक सञ्जालका सूचना तथा सामग्रीहरूलाई पहुँचयुक्त बनाउन सकिन्छ ।



**तस्बिरको प्रयोग**

- GIF सहित सबै इमेजहरूमा वैकल्पिक लिखित विवरण (Alt text) राख्ने, अल्ट टेक्स्ट लेख्दा इमेजमा देखिएका कुराहरूको विवरणहरू दिने ।
- कुनै पनि तस्बिरमा भएका सबै लिखित सामग्रीहरूको विवरण थोरै भए अल्ट टेक्स्टमा र निकै धेरै भए पोस्टकै रुपमा वा क्यापसनका रूपमा सबै लिखित जानकारीहरू प्रदान गर्ने ।